लुम्बिनी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

फोन नं. : ०८२-४०२१३१

पत्र संख्या :

चलानी नं.

मिति : २०८०/०८/१३

विषय : घर बहालमा लिने सम्बन्धि सूचना।

प्रस्तुत विषयमा यस मन्त्रालयको प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्र संचालन गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको मापदण्ड पुरा भएको घर बहालमा लिनु पर्ने भएको हुँदा घर बहालमा उपलब्ध गराउन चाहनुहुने महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो जग्गा धनी प्रमाण पत्र/घर निर्माण सम्पन्न प्रतिवेदन, चालु आ.व.को कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र घर बहाल मूल्य सहित यस कार्यालयमा सिलबन्दी निवेदन पेश गरी दर्ता गर्न हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. भवन राप्ती गाउँपालिका वडा नं. ५ भित्र हुनुपर्नेछ।

२. भवनमा चारपाङ्ग्रे सवारी साधन सहजै आवतजावत गर्न सक्ने सडकले छोएको हुनुपर्नेछ।

३. स्वच्छ खानेपानी र न्यूनतम ३० एम्पिएरको मिटर जडान भएको विद्युत प्रशारण लाईन हुनुपर्नेछ।

४. वहालमा उपलब्ध गराउने घरमा न्यूनतम ८ (आठ) वटा कोठा र कम्तिमा २ वटा शौचालय हुनुपर्नेछ।

५. घरवहाल वापतको रकम लुम्बिनी प्रदेशको घरभाडा समितिको निर्णय अनुसार हुनेछ।

६. अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**बोधार्थ:**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सूचना टाँस गरिदिनु हुन।

श्री राप्ती गाउँपालिकाको कार्यालय — सूचना टाँस गरिदिनु हुन।

श्री राप्ती गाउँपालिका वडा नं. ५ को कार्यालय — सूचना टाँस गरिदिनु हुन।

अमर बहादुर वली

शाखा अधिकृत